रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा,अछाम
२०७३

गाउँ सभाका अध्यक्ष ज्यू

सभामा उपस्थित सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु।

इतिहासका विभिन्न कालखण्डमा लोकतन्त्र र अग्रगमनका पक्षमा भएका क्रान्ति, आन्दोलन र १० वर्षे महान जनयुद्धका क्रममा सहादत्त प्राप्त गर्ने महान वीर सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै राष्ट्रनिर्माणको लागि उहाँहरुले गर्नु भएको योगदानको स्मरण र प्रशंशा गर्न चाहन्छु । २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, २०५२ साल देखि सुरु भएको महान जनयुद्ध र २०६२/६३ को जनआन्दोलनमा ज्यानको आहुति दिने वीर सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, उक्त आन्दोलन तथा युद्धहरुमा घाइते तथा अंग भंग हुने घाइते भएकाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु र वेपत्ता भएका नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि हालसम्म भएका सवै लोकतन्त्र प्राप्तीका लागि भएका संघर्षमा आफ्ना आफन्त गुमाउने सहिद तथा वेपत्ता परिवारप्रति उच्च सम्मान प्रकट गर्दै रामारोशन गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । देश तीन तहको राज्य संरचनाको अभ्यासमा रहे पनि जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह हुने भएकोले जनताका स्थानीय सरकार प्रति वढी आकाँक्षा हुनु स्वभाविक हो । सीमित स्रोतबाट जनताको असीमित आकांक्षा परिपुर्ति गर्नु स्थानीय सरकारको लागि अवसर र चुनौति दुवै हो ।संघीयता कार्यान्वयनको आधारको रुपमा रहेको स्थानीय तहले जनप्रतिनिधिको पहिलो कार्यकाल सम्पन्न गरि दोस्रो कार्यकालको पहिलो वर्ष आफ्नो कार्यकालको पहिलो नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा विभिन्न अभावका वावजुद संघियता कार्यान्वयनको पहिलो ५ वर्षे कार्यकाल पुरा गर्ने पहिलो गाउँसभाको सिंगो टिमलाई हार्दिक वधाई सहित धन्यवाद ज्ञापन गर्दछु । तमाम अभाव र आकांक्षाका वीच रामारोशन गाउँपालिकाको समग्र विकास र समृद्धि तथा रामारोशन पर्यटन क्षेत्रको विकासका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा सम्मानित गाउँ सभामा पेस गर्ने अनुमति चाहन्छु ।

**<u>स्वास्थ्य क्षेत्र तर्फः</u>**

“सबैका लागि स्वास्थ्य, स्वास्थ्यका लागि सबै”

आगामी आर्थिक बर्ष२०७९।०८० को लागि यस रामारोशन गाउँपालिका अछामले स्वास्थ्य क्षेत्रमा कार्यान्वयनको लागि निम्न नीतिहरु अबलम्बन गरिनेछ ।

भावी सोच(Vision)

रामारोशन गाउँपालिकाका सबैनागरिकहरु शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वास्थ्य रही उत्पादनशील र गुणस्तरिय जीवनयापन गर्न सक्षम हुनेछन ।

ध्येय(Mission)

नेपाल संविधानको मर्म र भावना अनुरुप, उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गरी, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरु वीच रणनीतिक सहकार्य गरी नागरिकको स्वास्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

लक्ष्य(Goal)

१. आधारभुत मानव अधिकारको रुपमा सबै नागरिकको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी न्याय संगत एवम् जवाफदेही स्वास्थ्य प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउदै दीगो विकास लक्ष्यलाई सफलिभुत गराउने ।
२. रामारोशन गाउँपालिकाले स्वास्थ्य सेवालाई प्रभावबकारी बनाउन निम्न नीतिगत रणनीति अवलम्बन गरिने छ ।
३. सवैका लागि स्वास्थ्य, स्वास्थ्यका लागि सवै आदर्शलाइ कार्यान्वयन गरीनेछ ।
४. विश्वभर फैलिएको कोरोना (कोभिड १९ को माहामारी तथा अन्य आउन सक्ने विभिन्न महामारी तथा सरुवा रोग नियन्त्रण रोकथामका लागि **Antigen/PCR** विधिवाट प्रत्येक स्वास्थ्य संस्था स्तरमा स्वावसंकलन तथा जाँचको लागि प्रयोगशाला स्वास्थ्य कर्मि परिचालन गरी समयमा रोगको निदान गर्न **PCR**प्रयोगशालामा पठाउने र कोभिड अस्पताल निरन्तर रुपमा संन्चालन गरी आवश्यकता अनुसार उपचार र रेफ्ररल प्रणालीमा सुधार गर्न र जनता लाई उपचारको समयमा व्यवस्थापन गर्न यस आ .ब. देखि एम्वुलेन्स सेवा सुचारु गरिनेछ । साथै सम्पुर्ण नागरीकहरुलाइ**COVID-19**कोरोना रोगको रोकथाम तथा नियन्त्रणको लागि प्रदेश तथा संघ सरकार संघ समन्वय गरी सम्पुर्ण नागरीकलाइ खोप लगाउने कार्यलाइ निरन्तरता दिइने छ ।
५. स्वास्थ्य विमा कार्यक्रम तथा न्याय हेल्थ नेपालको प्राबिधिक सहयोगमा सामुदायिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइने छ।
६. रामारोशन गाउँपालिकाका जनताले घर दैलोमा निःशुल्क स्वास्थ्य सेवाको अनुभुति गराउन ७ वटै वडाको स्वास्थ्य संस्थाहरुको सेवा व्यवस्थापन गर्न गाउँपालिका तत्पर रहनुका साथै प्रति संस्था अनुदान रकममा बृद्धि गरिनेछ । साथै स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पालना गर्न गुणस्तरीय सेवा दिन स्वास्थ्य संस्थाको लागि आवश्यक व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइने छ ।

७. रामारोशन गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुको भवन क्रमसः मापदण्ड अनुसार ५ बर्ष भित्र निर्माण सम्पन्न गरिनेछ । प्रत्येक बर्ष गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयाप्त उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउनुका साथै आवश्यकता अनुसार विशेषज्ञ सहितको शिविरहरु सञ्चालन गरिने छ ।

८. मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकट्ता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमाकमि ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायिक प्रसुति केन्द्रको विस्तार, गुणस्तरीय प्रसुती सेवा, सामुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष जनशक्ति बनाउन तिब्र गतिमा पालिका स्तरबाट व्यवस्थापन गरिने छ ।

९. समनता, जवफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरुप्रति प्रतिबद्ध रहि सबैकालागि स्वास्थ्य र सबै स्वास्थ्यका लागिअभियान अघि बढाउन गाउँपालिका प्रयत्नशिल रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुका महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नीतिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउनस्वास्थ्य सबै नीतिहरुमास्थापित गरिने छ ।

१०. परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यान्वयन गर्न प्रत्येक स्वास्थ्य संस्थामा नर्स हरु परिचालन गरी कार्यक्रम'सञ्चालन गरिने छ ।

११. युवा तथा किशोरीमैत्री स्वास्थ्य सेवाको अवधारणलाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसँग सामायोजन गराइने छ ।

१२. प्रजनन् स्वास्थ्यसँग सम्बन्धित हरेक पक्षको उत्थान, समस्या समाधान, सेवा विस्तार र गुणस्तरता अनुगमन अभियानलाई अगाडी बढाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम मार्फत समबोधन गरिने छ ।

१३. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएको १० बर्षे जनयुद्ध, सबै जनआन्दोलन र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्द्ध पिडित र घाइतेहरुकोसंविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभुत गरिनेछ । सवै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारीरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

१४.उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषण प्रणालीको व्यवस्था गरिनेछ ।

१५.आधारभुत स्वास्थ्य सेवा गाउँपालिकाले निःशुल्क उपलब्ध गराइने र यसका लागि सरकारी (संघीय, प्रदेश र स्थानीय) लगायतका विभिन्न स्रोतबाट वित्तीय व्यवस्थापन गर्न स्थानीय सरकार (गाउँपालिका) बाट न्युन्तम १०प्रतिशत स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गर्ने गरेकोमा यसलाई बृद्धि गरी १५ प्रतिशत पु-याउने नीति लिइनेछ ।

१६.बजेट निकासा, खर्च र खरिद प्रक्रियालाई सरलिकरण गरिने छ।

१७.स्थानीय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल निर्माण कार्यशुरुवात गरिनेछ ।

१८.रामारोशन गाउँपालिकाको स्वास्थ्य चौकीहरुको क्रमशः स्तरउन्नती गरी प्रयोगशाला विस्तार गर्ने नीति लिइनेछ ।

१९.भौगोलिक र जनसंख्याको अनुपातका आधारमा बढीमा १ घण्टाको दुरीमा एक वडा एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभुत बनाउन एउटा वडामा एक स्वास्थ्य चौकी र आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना गरि संचालनमा ल्याइनेछ ।

२०.गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई विस्तार गरिने छ ।

२१.लैङ्गिक हिंसा पिडितहरुको उपचार मनोसामाजिक परामर्शको व्यवस्थापन तथा प्रेषण प्रणालीको व्यवस्थापन गरीने छ ।

२२.एक द्वार संकट व्यवसथापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ ।

२३.नेपालको संविधानको मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरीय खोप सेवा तथा पूर्ण खोप सुनिश्चितता गर्न बाह्यय खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ ।

२४.यौन रोग तथा एच.आई.भी. एड्स लाई **व्यवस्थापन** गर्नARTवितरणकेन्द्र स्थापना तथा सुचिकृत गर्न जोड दिइने छ । साथै सुरक्षित गर्भपतन सेवा शान्तडा स्वास्थ्य संस्थामा निरन्तरता र केहि संस्थामा विस्तार गरीने छ ।

२५.पूर्ण संस्थागत सुत्केरी**(Zero Home Delivery)**कार्यक्रम सम्पूर्ण वडामाहरुमा लागु गरि स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाई भिडियो एक्स-रे सुविधा प्रदान गर्न गाउँपालिकाबाट भिडियो एक्स-रे मेसन खरिद गरि निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थामा 'सुत्केरी कक्षको मर्मत सम्मार गर्नुको साथै आवश गृह' व्यवस्थापन गरिने छ ।

२६.गाउँपालिकालाई पूर्णपोषणयुक्त गाउँपालिका घोषणको लागि बहु क्षेत्रिय पोषण योजना कार्यक्रम मार्फत सम्बोधन गरिनेछ ।

२७.नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारवाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुखसँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ ।

२८.स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ ।

२९.स्वास्थ्य संस्थाको सेवामा निरन्तरता दिन वालमृत्यु दर ,नवशिशु मृत्युदरमा, शुन्य होम डेलिभरी कार्यक्रम र आमा समुहमा जनचेतना जगाउन सेवारत महिला स्वास्थ्य स्वयंसेवकहरु लाई प्रोत्साहन स्वरुप वजेटको व्यवस्थागरिनेछ ।

३०.वयलपाटा अस्पताल र कमलवजार प्रयोगशालालाइ आवश्यकता अनुसार अनुदान रकम उपलव्ध गरानेछ ।

३१.स्वास्थ्य कर्मिहरुको जोखिम भत्ता समेतलाई मध्यनजर गरि प्रकोप व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ ।

३२.गाउँपालिकामा स्वास्थ्य तर्फको विशेषज्ञ जनशक्ति उत्पादनको लागि प्रत्येक वर्ष १/१ जना छात्र/छात्रालाई प्राविधिक उच्च शिक्षाको लागि छात्रवृत्ती गर्ने निति लिइनेछ ।

३३. स्वास्थ्यचौकीको प्रेषणका आधारमा आपतकालिन प्रसुती सेवाको लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

➢ **<u>बहुक्षेत्रीय</u> पोषण योजना(MSNP)**

आगामीआर्थिक बर्ष२०७९।०८० को लागि यस रामारोशन गाउँपालिका अछामले बहुक्षेत्रीय पोषण योजना(MSNP)कार्यान्वयनको लागि निम्न कुरामा जोड दिइनेछ ।

१. यस गाउँपालिकामा महिला किशोरी र बालिबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न रामारोशन गाउँपालिका अछामले रु १५ लाख रकम समपुरक कोषको व्यवस्था गरिनेछ ।

२. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानिय शासन(NFLG)अबलम्बन गर्न पोषण मैत्रीवार्ड घोषणकालागि विशेष अभियान सञ्चालन गरि वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखि कार्य गरिनेछ । आर्थिक बर्ष २०७९।०८०मा वडा नं. २ लाई पोषण मैत्री वडा घोषणा गरिनेछ ।

३. यस रामारोशन गाउपालिका अन्तरगतका सम्पुर्ण गर्भवती आमाहरुलाइ उपाध्यक्ष कोशेली कार्यक्रमलाई निरन्तरता दिइने छ ।

४. नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारकको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई

यस रामारोशन गाउँपालिका अछामले उच्च प्राथमिकतामा राखी सोही अनुरुप आ.ब।२०७९।०८०का लागि नेपाल सरकारबाट प्राप्त हुने र यस गाउँपालिकाले छुट्याइको समपुरक रकम समेतलाई क्षेत्रगत विनियोजन गरी पोषण सुधारकालागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

५. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा साझेदार निकायहरु सँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिने छ र महिला बालबालिका लक्षित कार्यक्रमहरु बाल पोषण अनुदान खोप कार्यक्रम, बालमैत्री स्थानीय शासनमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समेत समावेश गर्दै लगिनेछ

६. गाउँपालिकाको पोषण सम्बन्धी सुचना, तथ्याङ्कहरुको व्यवस्थापनको कमी भएको कुरा लाई महसुस गर्दै गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरिय पोषण पाश्र्व चित्र(Nutrition Profile)यसै बर्ष भित्र तयार गरिने छ ।

७. बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यन्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा समिति सबै वडाहरुमा गठन गरि बहुक्षेत्रीय पोषण योजनालाई मुल प्रबाहीकरण गरिने छ ।

८. पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्रारुप सहित स्थानीय योजना प्रक्रिया र योजनाहरुमा पोषणलाई समाहित गरिनेछ ।

९. हालै सम्पन्न विश्व व्यापी एवम् नेपालको प्रमाण पत्र समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र बालबालिकाहरुमा पुड्कोपनको प्रवृतीमा कमी ल्याउन हाल उपलब्ध गराउँदै आएको बाल नगद अनुदानका साथै बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराएमा मात्र वाल पोषण भता वितरण गरीने व्यवस्था गरीने छ ।

१०.समाजमा विद्यमान कुरीति जस्तै छाउपडी कुप्रथा, बाल विवाह, बहुविवाह र छुवाछुत जस्ता कुसंस्कार विकृती अन्त्यकालागि गाउँपालिकाको ऐन तथा नीती नियमहरु कार्यन्वयन गरिनेछ ।

११.सबै क्षेत्रमा बुहक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन तथा अनुगमन शु-शासन र पारदर्शिताको सुनिश्चित्ता गरिनेछ ।

<u>शिक्षा तर्फः</u>

रामारोशन गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखाको आ व २०७९।०८० को नीति तथा कार्यक्रमयस गाउँपालिकाको दशवर्षे शिक्षा योजना (आ.व.२०७८-०७९-०८७-०८८) तय गरेका नीति तथा कार्यक्रम अनुसाररामारोशन गाउँपालिकाको शिक्षा क्षेत्रलाई राष्ट्रिय र

अन्तराष्ट्रिय जगतसँग प्रतिस्पर्धी जनशक्ति निर्माणका लागि सभ्य,शिक्षित प्रवर्तनात्मक प्रतिस्पर्धी जनशक्ति सहित समृद्ध गाउँपालिका निर्माणको लागि आ.व. २०७९।८० मा निम्नानुसारको नीति अवलम्बन गरिनेछ ।

१. प्रारम्भिक उमेरका सबै बालबालिकाहरुको लागि प्रारम्भिक बालबिकास तथा शिक्षाको अवसर प्रदान गरिने छ ।

२. रामारोशन गा पा का सबै बालविकास केन्द्रहरुको न्युनतम मापदण्ड पुरा गरि गुणस्तरीय शिक्षा प्रदान गरिने छ ।

३. भौगोलिक विकटता र अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा सहज पहुँच सुनिश्चतताका लागि समुदायस्तरमा स्याहार केन्द्र स्थापना गरिने छ ।

४. आधारभूत र माध्यामिक तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाई गुणस्तरीय शिक्षा प्रदानको लागि संघीयकानून र मापदण्ड बमोजिम नक्साङ्कनको आधारमा विद्यालयको स्थापना ,समायोजन तथा पुनःवितरण गरी सबैबालबालिकाहरुको पहुँच तथा सहभागिताको सुनिश्चित गरिनेछ ।

५. भौगोलिक विकटताका कारण माध्यामिक विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयकोपहुँचमा ल्याईनेछ ।

६. प्रत्येक वडामा नमुना प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि आवासिय तथा नमुना विद्यालय स्थापना गरिने नीति लिइनेछ ।

७. रामारोशन गाउँपालिकाका आधारभुत र माध्यामिक विद्यालयमा सूचना प्रविधि तथा सञ्चार सेवाका न्युनतमपुर्वाधारहरुको विस्तार गरिनेछ ।

८. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समुह गठन तथा परिचालन गरिनेछ । गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा विद्यालयको सघन अनुगमन गरि विद्यालयको सर्वाङ्गीण पक्षको सुधार गरिनेछ ।

९. सबै तहका शिक्षकको क्षमता विकासको लागि पेशागत तालिमप्रदान गरिनेछ। पाठ्यक्रम प्रारुप र एकिकृत पाठ्यक्रम १-३ हाल परिवर्तन भईरहेको नयाँ पाठ्यक्रमलाई मध्यनजर गर्दै पाठ्यक्रमसम्बन्धि प्रवोधिकरण तालिम सञ्चालन गरिने छ र माध्यामिक विद्यालयमा लेखाप्रणालीलाई व्यवस्थित बनाउन लेखासम्बन्धि र IEMIS तथ्याङ्क प्रविष्टिको लागिIEMISसम्बन्धी तालिम प्रदान गरिनेछ ।

१०.कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षालाई व्यवस्थित बनाउन बजेटको व्यवस्थापन गरिने छ

११.बालबालिकाको शारीरिक,मानासिक र संवेगात्मक विकासको लागि खेलकुदको संस्थागत विकास गर्दै लगिने छ । आ.व. २०७९।०८० मा अध्यक्ष कपखेलकुदकोआयोजना गरिनेछ ।यसको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

१२.विद्यालय स्तरीय वालक्लव गठनको लागि वजेट व्यवस्थापन गरिने छ ।

१३.गत आ.व. मा निर्माण कार्य सुरु भएको स्थानीय पाठ्यक्रम पुर्ण रुप दिनका लागि आवश्यक पर्ने वजेट व्यवस्थापन गरिनेछ ।

१४.सामुदायिक सिकाई केन्द्र व्यवस्थापन गरि सिकाई केन्द्रका परिचालिका/बालबिकास सहजकर्ता र करार शिक्षक तथा विद्यालयकर्मचारीहरुको आवश्यकता अनुसार सेवा सुविधामा वृद्धी गरिने छ ।

१५.शिक्षालाई गुणस्तरयुक्त बनाउनको लागि आवश्यकता अनुसार शिक्षक अनुदान कोटा र बालविकासकेन्द्र वितरणगरिनेछ ।

१६.दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थापन गर्नको लागि एक विद्यालय एक भान्सा घरको नीति अवलम्वन गरिनेछ ।

१७.औपचारिक शिक्षाको मुलधार भन्दा बाहिर रहेका बालबालिकालाई बैकल्पिक शिक्षाको व्यवस्था गर्नको लागि वजेटव्यवस्थापन गरिने छ ।

१८.संकटपुर्ण तथा महामारीको अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अवसर सिर्जनाको लागि विपद न्युनीकरणसम्बन्धि विद्यार्थी तथा समुदायको क्षमता अभिवृद्धि गरिने छ ।

१९.रामारोशन गा पा का सम्पूर्ण विद्यालयहरु भौतिनिर्माणमा सम्पन्न बनाउनको लागि भवनको व्यवस्थापनको लागिआवश्यक कार्य गरिने छ ।

२०.सम्पूर्ण विद्यालयमा आवश्यकता अनुसार खानेपानी र शौचालयको व्यस्थापन गरिने छ ।

२१.स्थानीय पाठ्यक्रममा आधारित कार्यपुस्तिका निर्माणको लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ ।

२२.विद्यालयको आर्थिक शैक्षिक र भौतिक समग्र विकासको लागि वर्षमा कम्तिमा ६ पटक प्र.अ बैठकको बस्ने गरि वजेट व्यस्थापन गरिनेछ।

२३.शिक्षाको गुणस्तर सुधारका साथै समग्र पक्षको प्रतिवेदन तयार र सहजीकरणका लागि प्रत्येक महिना शिक्षा शाखाबाट विद्यालय अनुगमन गरिने छ ।

२४.विद्यालय सञ्चालन, परीक्षा प्रणालीमा एकरुपता ल्याउनको लागि शैक्षिक क्यालेण्डर निर्माण गरिने छ ।

२५.विद्यालय तहको मासिक,त्रैमासिक र बार्षिक परीक्षा प्रणालीमा एकरुपता ल्याउनको लागि आवश्यक वजेटकोव्यवस्थापन गरिनेछ ।

२६.गाउँशिक्षा समिति र परीक्षा समिति वर्षमा ४ पटक समग्र विद्यालयको गुणस्तर विकासको लागि बैठक बोलाईनेछयसको लागि वजेट व्यवस्थापन गरिनेछ ।

२७.विद्यालय स्वस्थ्य तथा पोषण कार्यक्रम निरनतरताको लागि वजेट व्यवस्थापन गरिने छ ।

२८."शैक्षीक गुणस्तर अभिवृद्धिरामारोशनको शिक्षामा संवृद्धि" भन्ने नाराका साथ शिक्षामा आमुल परिवर्तनको अभियानसञ्चालन गरिने छ ।यसको लागि आवश्य वजेट व्यवस्थापन गरिनेछ ।

२९. गरीब, विपन्न, दलित, अनाथ बालबालिकाको लागि विषेश छात्रवृतीको व्यवस्थापन गरिनेछ ।

३०. शहिद तथा वेपत्ता परिवारका बालबालिकाको लागि शिक्षाको अधिकार सुनिश्चित गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**सामाजिक समावेशिकरण तर्फः**

समग्र सामाजिक रूपान्तरण तथा सशक्तिकरण कार्यक्रमको रूपमा "उपाध्यक्ष समाज रूपान्तरण कार्यक्रम" नामबाट स्थापित गरि विशेष कार्यक्रमहरू लागु गरिनेछ ।

१. महिलाहरूको कमजोर स्वास्थ्यका कारण पाठेघर खस्ने समस्या, स्तन क्यान्सर, पाठेघर क्यान्सर जस्ता दीर्घरोग जस्ता विभिन्न खाले रोगबाट ग्रसित हुनु पर्ने बाध्यता छ यि स्वास्थ्य समस्या सामाधानका लागि शिविरहरू संचालन गरिनेछ ।

२. जेष्ठ नागरिक, बृद्धा, अशक्त, अपाङ्ग, असहाय र बेसहारा लगायत सबै दृष्टिकोणले जोखिममा रहेका व्यक्ति समुदाय लक्षित कार्यक्रमहरू संचालन गरिनेछ ।

३. ४० बर्ष उमेर नाघेका आर्थिक सामाजिक रुपले विपन्न नागरिकहरुको जीविकोपार्जनमा सहयोग पु-याउने कार्यक्रम संचालन गरिनेछ ।

४. घरेलु हिंसा न्युनिकरणसंगै सामाजिक रूपमा अझै कायम रहेको कु-संस्कार, विभिन्न खाले कुप्रथा विरुद्ध महिलाहरूलाइ सचेत, क्षमतावान, आत्मनिर्भ बनाउन कार्यक्रमहरू संचालन गरिनेछ ।

५. रूढीवादी अन्धविश्वास, कु-संस्कार र कु-प्रथाहरू अन्तका लागि सामाजिक जागरण ल्याउन सास्कृतिक कार्यक्रमका माध्यमबाट जनचेतना फैलाउन विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ

६. महिलाहरूको सीप बिकास र स्वालम्वी बनाउन विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।

७. महिलाहरूको नेतृत्वदायी क्षमता बृद्धिकालागि विशेष कार्यक्रमहरू संचालन गरिनेछ ।

८. दलित, जनजाति, सीमान्तकृत समुदायलाई समेट्ने गरि कार्यक्रमहरू संचालन गरिनेछ ।

९. द्वन्द्व पीडित विशेष कार्यक्रम अन्तर्गत शहिद परिवारहरूलाइ लक्षित गरि छुट्टै कार्यक्रम संचालन गरिनेछ ।

१०. जनयुद्ध तथा जनआन्दोलनका घाइतेहरूको आय-आर्जनमा सहयोग पुग्ने गरि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

११. उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१२. लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

१३. जेष्ठ नागरिक अपाङ्गता भएका ब्यक्ति र अभिभावक विहिन बालबालिका लक्षित कार्यक्रममा जोड दिईनेछ ।

१४. लैङ्गिक हिंसा न्युनिकरणमा न्यायिक समितिको क्षमता अभिबृद्धी गर्दै लैङ्गिक हिंसाप्रति शुन्य सहनशिलताको नीति लिइनेछ ।

१५. विपन्न तथा एकल महिला लक्षित कार्यक्रममा जोड दिइनेछ ।साथै महिला केन्द्रित सीपमुलक कार्यक्रमलाई जोड दिइनेछ ।

१६. जीविकोपार्जन तथा सशक्तिकरणका विभिन्न क्रियाकलाप संलग्न हुन महिला समुहहरुलाई परिचालन गरिनेछ ।

१७. दलित समुदायका परम्परागत पेशालाई व्यवसायिकरण गरिनुका साथै जातिय छुवाछुत लगायत सबै खाले विभेदिकरणको अन्त्यका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१८. बालविवाह न्युनीकरणका गर्न अभियान संचालनका साथै बालक्लव गठन संचालन नियमन गरि बालबालिकाको हकहितको पक्षमा कार्य गर्ने निति अवलम्वन गरिनेछ ।

१९. न्युन आय भएका विपन्न वर्ग दलित तथा जनजातिको लागि जिविकोपार्जनमा सहयोग गरि आत्मनिर्भर बन्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

२०. जनयुद्द तथा जनआन्दोलनमा घाइते तथा द्धन्द्ध पिडित शहिद परिवार लक्षित कार्यक्रम गरिनेछ

२१. सहकारी क्षेत्रको प्रभावकारी नियमन, व्यवसायिकरण र गुणस्तर विकास र प्रविधिमैत्री, कृषिजन्य वस्तु मल, बिउ, कृषि यन्त्र, उपकरणआदि सहकारी संघ संस्था मार्फत बिक्री वितरण, सहकारी पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने कार्याक्रम संचालन गरिने छ ।

२२. गाउँपालिकालाई सवैखाने विभेदिकरण र असमानताबाट मुक्त गर्दै जातिय छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

२३. दलित समुदायका परम्परागत पेसालाई आधुनिकिकरण गरि व्यवशायिक वनाउदै स्तरिय जिवनको लागि सहयोग गर्ने निति लिइनेछ ।

२४. दलित समुदायका उत्कृष्ट छात्र छात्रामध्ये प्रत्येक वर्ष १/१ जनाई प्राविधिक शिक्षाको लागि छात्रावृत्ति उपलब्ध गराइनेछ ।

२५. नमुना दलित वस्ति विकासको कार्यलाई निरन्तरता दिइनेछ ।

२६. दलित टुहुरा, एकल तथा विपन्न महिलाको जिविकोपार्जन तथा शिक्षाको लागी विशेष व्यवस्था गरिनेछ ।

## युवा तथा खेलकुद तर्फः

१. खेलकुदको विकास तथा परवर्द्धनको लागी गाउँपालिकामा एक सुविधा सम्पन्न कवर्ड हल निर्माण कार्यको सुरुवात गरिनेछ ।
२. खेलाडीहरुलाई प्रोत्साहन गरि राष्ट्रिय रुपमा पालिकाको खेलकुद टिम निर्माण गरि सवलिकरण गर्ने निति लिइनेछ ।
३. अध्यक्ष कप र राष्ट्रपति रनिङ्ग सिल्ड जस्ता प्रतियोगितात्मक क्रियाकलाप मार्फक खेल क्षेत्रको विकास गर्ने निति अवलम्बन गरिनेछ ।

## खानेपानी सरसफाइ तथा स्वच्छता तर्फः

१. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सकारात्मक कार्यसंस्कृति र खानेपानी, सरसफाई तथा स्वच्छता संग सम्बन्धित कार्यकलाप अगाडी बढाउन वास युनिटलाई प्रभावकारी रुपमा सन्चालनमा ल्याइनेछ ।
२. खानेपानी, सरसफाई तथा स्वच्छतालाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ ।

## कृषि तथा पर्यटन तर्फः

१. किसान कल्याण कार्यक्रम संचालन गरिने छ ।
२. उन्नत बीउमा ५०प्रतिशत अनुदान, को ब्यावस्था गरिने छ ।
३. कृषि उद्यमशिलता विकास कृषि उद्यम विकास सेवा केन्द्र स्थापना, गरिने छ ।
४. कृषि उत्पादन, प्रशोधन, लजिष्टिक व्यवस्थापन, बजारीकरण तथा प्राविधिक सेवा आदिमा प्रोत्साहन, प्राविधिक सेवा तथा बजारीकरणमा विद्युतीय सूचना प्रवधि प्रयोगमा प्रोत्साहन को ब्यवस्था गरिनेछ ।
५. दीगो र जलवायु मैत्री कृषिको विकास बाढी, पहिरो,हावाहुरी , असिना,डुबान, खडेरी आदि प्राकृतिक प्रकोपबाट प्रभावित किसानहरुलाई लक्षित गरी राहत तथा जीविकोपार्जन सहयोग कार्यक्रम संचालन गरिने छ ।कृषि समुह, सहकारी, फर्म र उद्यमिलाई उद्योगसंग जोड्नको लागि उत्पादन परिमाणको आधारमा अनुदान दिने ब्याबस्था गरिनेछ ।
६. सम्भावनाको अध्यन गरी एक वडा एक उत्पादन कार्यक्रम प्रारम्भ गरिनेछ ।
७. गाउँपालिका क्षेत्र भित्र आलु तथा तरकारी बालिको क्षेत्र बिस्तार गरिनेछ ।

८. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनका लागि गाँउपालिका भित्र एक घर एक करेसाबारीस्थापना गर्ने नीति लिइनेछ ।

९. कृषि पेशालाइ सम्मानित प्रतिस्प्रधि र व्यवसायिक बनाइनेछ ।

१०. लोप उन्मुख स्थानीय बालीका जात संरक्षरका कार्यक्रमलाई अगाडी बढाईनेछ ।

११. प्राङ्गारिक कृषि प्राणाली अबलम्बन गर्न बिशेष जोड दिइनेछ।

१२. तुलानात्मकलाभ दिन सक्ने स्थानीय बालीनाली तथा रैथाने बाली संरक्षण,आधारभुत खाद्य वस्तुको उत्पादनमा आत्मानिर्भरता हुन सक्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. हिउँदे तथा बर्षेनमुना फलफुल बगैंचा स्थापना कार्यक्रममा जोड दिईनरेछ ।

१४. अगुवा कृषक तथा किसान कृषि प्रसार परिचालन कार्यक्रम संचालनमा विषेश जोड दिइनेछ ।

१५. स्थानीय कला संस्कृति तथा भाषाको संरक्षण मार्फत प्रयटन पर्वर्द्धनमा जोड दिइनेछ ।

## पशु सेवा तर्फः

१. मासु आत्मनिर्भरका लागि बाख्रा प्रवर्द्धन तथा बजारीकरण गरिनेछ ।

२. पशुमा पोषण सुधारका लागि चरन विकासका कार्यहरु गरिने छ ।

३. गाई, भैंसि, बाख्रमा नस्ल सुधारका लागि कृतिम गर्भाधान९बक्ष०मिसन कार्यक्रम लागु हुनेछ ।

४. पशुपंक्षिमा लाग्ने रोग तथा परजिवि उपचारका लागि औषधि वितरण गरिने छ।

५. अनुदानका कार्यक्रमलाई प्रथामिकता दिईने छ ।

६. वडागत रुपमा पशुपंक्षि शिविर सञ्चालन गरिने छ ।

७. भेडा बाख्रामा लाग्ने एएचरोग विरुद्धको खोप लगाईने छ ।

८. पशुपंक्षि सम्बन्धि तालिम सञ्चालन गरिने छ ।

९. पशुपंक्षि विमा लागु गरिने छ ।

१०.कुकुरलाईरेविज रोग विरुद्धको खोप लगाईने छ ।

११.एक वडा एक प्राविधिकको व्यवस्था सुनिश्चित गरिनेछ ।

## उर्जा तर्फः

१. रामारोशन गाउपालिकामा चट्याङपरि घाईते अपाङ्ग्ग हुन नदिनका लागि बिज्ञको सहयोगमा अर्थिङको ब्यवस्था गरिने छ ।

२. रामारोशन गाउँपालिकामा केन्द्रिय लाइन पुगिसकेको र भटाकाटिया रामारोशन बाटुलासेन का केहि टोलहरुमा लाइन बिस्तार भइरहेको र बत्ति बल्ने चरणमा रहेको हुदा सात वटै वडामा लाइन बिस्तारको लागि समन्वय गरी अघाडी बढाइनेछ ।

३. ४/५ मेघावाट बिधुत उत्पादनका लागि केन्द्र सरकार संग समन्वय अघाडि बढाइने छ ।

४. रामारोशन गाउँपालिकामा रहेका लघु जलबिधुत लाइ नेपाल बिधुत प्राधिकरण सँग समन्वय गरी एकिकृत गर्न को लागि काम अघाडि बढाउने बैकल्पिक उर्जा प्रर्बद्र केन्द्र र बिधुत केन्द्रीय कार्यालय सग समन्वय गरिनेछ ।

५. बिधुत बिस्तारको लागि तिब्ररुपमा काम भैरहेको र जनताहरुलाइ मंगलसेन गइ बिल बुझाउन साह्रै अप्ठेरो हुने हुदा यसै आ.व मा सबस्टेशनको लागि पहल गरिनेछ ।

६. रामारोशन गाउपालिकामा रहेका गुल्शु खोला, नानि खोला, कैलास तेश्रो अपरकैलास खोला लघु जलबिधुत हरुको दीगोपनाको लागि मर्मतसम्भार ब्यवस्थापन गाउँपालिकाबाट नै गर्नै ब्यवस्था मिलाईने छ ।

७. लघुजलबिधुतको आवश्यक जनशत्ति लाई क्षमता अभिबृद्धिकोलागि तालिमको ब्यवस्था मिलाईनेछ ।

८. प्रतेक आयोजनाको अनुगमनको व्यवस्था मिलाइने छ ।

९. सबै आयोजनाको दीगोपनाको लागि लाभग्राहि र सरोकारवाला बीच अन्तरक्रिया गरिने छ ।

१०.उर्जा नीति तयार गरि कार्यान्वयनमा ल्याइने छ ।

११.२०८०।०८१ सम्म रामारोशन गाउपालिकालाई अध्यारो मुक्त गाउँपालिका घोषणाको लागि काम अघाडि बढाइनेछ ।

१२.बिजुलि बत्तिबाट टाढा रहेका घर घरधुरीलाइ सोलार मिनि ग्रिड र सोलार बितरण गर्न बैकल्पिक उर्जा प्रर्बधन केन्द्र सग समन्वय गरी सोलारको व्यवस्था गरीने छ ।

१३. जेहेन्दार बिद्यार्थीलाई र उज्यालोवाट टाढा रहेका बिद्यार्थीलाइ सोलार व्यवस्था गरिनेछ ।

१४.रामारोशन गाउँपालिकामा बत्ति नियमित गर्नको लागि समान खरिद गरी स्टोर गर्ने ब्यवस्था मिलाइनेछ ।

१५.वडा नं. ७ सुतार स्याउलेमा सोलार मिनि ग्रिड सञ्चालन गर्नको लागि टेन्डरकोकाम सम्पन्न भइ श्रावण बाट काम सञ्चालन हुने र उत्त आयोजना को लागि लागत साझेदारी अनुसार कुल लागतको १०% रकम गाउँपालिकाले उपलब्ध गर्नेछ।

१६.वडा नं ४ को छडेनामा सोलार मिनि ग्रिड सर्भे भैसकेको र आवश्यत्ता अनुसार प्रकृया अघाडी बढाइने छ ।

१७.रामारोशन गाउँपालिका अन्तरगतका मुख्य बजारकेन्द्रहरुमा सडक बत्ति जडान गरिनेछ ।

## सामाजिक सुरक्षा तथा पन्जिकरण तर्फः

१. रामारोशन गाउँपालिकाको वडा न १ देखि ७ सम्म नेट ईन्टरनेटको पहुच पुर्याएर अनलाईन व्यक्तिगत घटना दर्तालाई सहज र सरल बनाईने छ । ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्नलाई नियमानुसार दर्ता शुल्क निःशुल्क हुने कुरा कार्यन्वयन गराईने छ ।

२. राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको नियममानुसार सामाजिक सुरक्षा भत्ता वैङ्किङ प्रणालीलाई व्यवस्थित पारेर ८० वर्ष भन्दा माथि, अपाङ्ग र अति अपाङ्ग व्यक्तिहरुलाई वैङ्कको सहायता लिई टोल टोलमा सामाजिक सुरक्षा भत्ता वितरण गरिने छ ।

३. सामाजिक सुरक्षा भत्ता स्वाच्छिक रुपमा लिन नचाहानेहरुलाई सम्मान पत्र सहित सम्मान गरिने छ ।

४. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्वन्धि कर्मचारी तथा जनप्रतिनिधिहरुलाई दक्ष वनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।

५. सामाजिक सुरक्षा भत्ता पाउने सेवाग्राहीहरुको नाम छुट्ने, दोहोरो पर्न जाने,मृत्यु भएका व्यक्तिहरुको पनि भत्ता वुझ्ने जस्ता कार्यलाई रोक्न प्रत्येक वडाहरुमा सार्वजनिक सुनाई,प्रत्येक त्रैमासिक रुपमा अनुगमन तथा निरीक्षण गरि व्यवस्थित गराईने छ ।

६. व्यक्तिगत घटना दर्तालाई प्रत्येक वर्षको वैशाख महिनामा व्यक्तिगत घटना सप्ताह मनाई व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गरिनेछ ।

## सुचना तथा प्रविधि तर्फः

१. गाउँपालिका प्रशासनिक कार्यालय तथा वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, बिद्यालयहरु र अन्य वितीय संस्थ तथा ब्यापारिक स्थानहरु र पर्यटकीय क्षेत्र रामारोशन मा इन्टरनेट आगामी ३ बर्ष भित्र जडान गरिने व्यवस्था मिलाईनेछ आ.ब.२०७९/८० मा प्रशासनिक कार्यालय भएको ठाउँ मुजावगर सम्म अप्टीकल फाइबर बिछ्याउने कार्य गरिनेछ ।

२. कार्यालयको दैनिक सम्पादन हुने काम-काज छिटो छरितो र प्रभावकारी बनाउन प्रशासनिक कार्यालय र वडा कार्यालयहरुका लागि बिभिन्न सफटवेयर खरिद गरिनेछ ।

३. कार्यालयका सूचनाहरु जनता सम्म पु-याउन र सवैले हेन मिल्ने गरि डिजिटल वोर्डमा आधारित सूचना वोर्ड जडान गरिनेछ ।

४. गाउँपालिकामा रहेका सम्पुर्ण क्षेत्र समेटिने गरि (जनसंख्या विवरण, लैङिगत विवरण, आर्थिक विवरण, शैक्षिक विवरण, विदेशमा रहेका जनसंख्या देखिने गरि संख्या,) आदिको विवरणहरु डिजिटल प्रविधिवाट हेर्न मिल्ने बनाइनेछ ।

पुर्वाधार तर्फः

वैकल्पिक मार्गको रुपमा रामारोशन रिंगरोडको पुर्ण ट्र्याक खोली सन्चालनका लागि पहल गरिनेछ ।

१. गाउँ बस सेवा सन्चालनमा ल्याइ सहज यातायातको लागि आवश्यक व्यवस्था गरिनेछ ।
२. प्रशासकिय भवनहरु, स्वास्थ्य चौकि र विद्यालयहरुको मापदण्ड बमोजिमको भवनहरु निर्माणको लागि पहल गरिनेछ ।
३. बाह्रै महिना एम्बुलेन्स सेवाको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
४. सडक सञ्जालमा नजोडिएका बस्तीहरुलाई सडक सञ्जालमा जोडिनेछ ।
५. विकास योजनाहरुको गुणस्तरीयता कायम गर्न प्राविधिक ल्यावको स्थापना गरिनेछ ।

विविध तर्फः

१. कर्मचारीहरुको क्षमता बृद्धि गर्न पालिका स्तरवाट तालिमको व्यवस्था गरिनेछ ।
२. गाउँपालिका अन्तर्गतका मिस्त्रीहरुलाई दक्ष बनाउन गा.पा.स्तरीय तालिमको व्यवस्था गरिनेछ ।
३. कृषि उत्पादकत्व बृद्धिकालागि सिँचाई कुलोहरु निर्माण गरिनेछ ।
४. न्यायिक सचिवालयको व्यवस्थापनका साथै पिडितहरुको न्यायमा पहुँचको लागी कानूनी साक्षरताको व्यवस्था मिलाइनेछ ।
५. विभिन्न प्राकृतिक तथा मानविय कारणले समस्या तथा हिंशामा परेका पिडितहरुको पुनर्स्थापनाको लागी सुरक्षित बसाइको व्यवस्था मिलाइनेछ ।
६. गाउँपालिका भित्र शान्ति सुव्यवस्था तथा अमन चयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
७. वाढि तथा पहिरोको कारण घरवार विहिन भएको हरुको लागि एकिकृत बस्ति विकास र सो कार्यका लागि आवश्यक जग्गा व्यवस्थापनको पहल गरिनेछ ।
८. विभिन्न कारणले जग्गा धनी प्रमाण पुर्जा विहिनहरुको लागि जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।
९. पर्यटकिय क्षेत्र रामारोशनको प्रचास प्रसार र विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१०.नन्दामाता लगायत गाउँपालिका भित्रका धार्मिक क्षेत्रको विकास र पर्वर्द्धनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

११.प्रकोप व्यवस्थापनलाइ उच्च प्राथमिक्तामा राखि राहत तथा पुनःर्स्थापनाको कार्यलाइ आवश्यकता अनुसार अगाडी बढाइनेछ ।

१२.गाउँपालिकाको अनिवार्य दायित्व र शाखाहरुमा बजेट व्यवस्थापन पश्चात समानुपातिक ढंगले वडाहरुमा बजेट विनियोजन गरिनेछ ।

१३.सहकारी क्षेत्रको नियमन र व्यवस्थापन एवं परिचालन मार्फत राष्ट्रनिर्माणमा योगदान गरिनेछ

१४.कैलासखोलाको ढुंगा, गिट्टी र वालुवाको संकलन र निकासीलाई नियमन गरिनेछ ।

१५.सुधारिएको घट्ट र चुलो मार्फत वातावरण स्वच्छता र वातावरणिय स्वास्थ्यलाइ ध्यान दिइनेछ

१६.पर्यटकिय क्षेत्रमा सुचना प्रविधिको पहुँचलाइ सुनिश्चित गरिनेछ ।

१७.स्थानीय उत्पादन र उद्दमीलाइ प्रोत्साहन र पर्वर्द्धन गरिनेछ ।

१८. जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग, जेलवन्दि तथा वेपत्ता परिवार र पुर्व जनमुक्ति सेनाको योद्धाहरुको लागि जीविकोपार्जन एवं सीप विकास क्रियाकलापहरु सन्चालन गरिनेछ ।

१९. पर्यटकीय क्षेत्र रामारोशनको विकास संरक्षण, प्रवर्धन र प्रचार प्रसारमा जोड दिई पर्यटन मार्फत आर्थिक समृद्धिमा टेवा पु-याउने नीति लिईनेछ ।

२०.पर्यटकीय क्षेत्र रामारोशन क्षेत्रलाईशुन्य खुला चरन क्षेत्र बनाइनेछ ।

२१.उल्लेखित सम्पुर्ण सैद्धान्तिक र नीतिगत कुराहरुको कार्यान्वयनको लागी आ.व. २०७९/८०को लागि निम्नानुसारको आय तथा व्यय हुने अनुमानित विवरण पेस गर्दछु ।

आय तर्फः

| | |
|---|---|
| संघिय समानिकरण अनुदान | १०,४७,००,०००। |
| संघीय विषेश अनुदान | १,५०,००,०००। |
| संघीय ससर्त अनुदान | २५,४४,००,०००। |
| राजश्व संघ | १०,२७,३६,००० |
| प्रदेस समानिकरण अनुदान | ७१४३००० |
| राजश्व प्रदेश | ४८७८००० |
| प्रदेश विशेष अनुदान | २५००००० |
| संघिय समपुरक अनुदान | ० |
| प्रदेश समपुरक अनुदान | ८१४०००० |
| आन्तरिक आय | १२०००००० |

| | |
|---|---|
| जम्मा | ५११४९८०००।०० |

व्यय तर्फः

| | |
|---|---|
| संघिय समपुरक अनुदान अन्तरगतका योजनाहरुको लागी | |
| प्रदेस समपुरक योजनाहरुको लागी | |
| कार्यालय सन्चालन तथा चालुजन्य खर्च | |
| भुक्तानी दिन वाकि अनिवार्य दायित्व | |
| समपुरक कोष | |
| अन्य | |
| जम्मा | |

नेपालको संविधानले तीन तहको राज्य संरचनालाइ आत्मसात गरि संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाइ आत्मसात गरेको छ । जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सीमित स्रोत र कमजोर आन्तरिक आयको कारण यस वर्ष कुनै नयाँ नीति तथा योजना समावेस हुन सक्ने अवस्था छैन । सीमित स्रोत र साधनबाट जनताको विकास र सुशासनको आकांक्षा परिपुर्तिको लागि नै जनताले हामीलाइ यो युगिन जिम्मेवारी सुम्पिएकोले यो नीति तथा कार्यक्रम अनुमोदनको लागि यो सम्मानित सभालाइ अनुरोध गर्दछु ।

धन्यवाद ।

२०७९/०३/१०

सिर्जना देवी बुढा
उपाध्यक्ष
रामारोशन गाउँपालिका

सिर्जना देवी बुढा
उपाध्यक्ष

मान बहादुर धामी साउँद
अध्यक्ष

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
२०७३